# जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**सभाका अध्यक्ष**
**सभाका सदस्य**
**आमन्त्रित पाहुना**
**दातृ निकाय**
**कर्मचारी वर्ग**
**अन्य उपस्थित महानुभाव ज्यु**

हिमाली जिल्लामा अबस्थित यो नगरपालिका मानवताबादी व्यक्तित्व जयपृथ्वी बहादुर सिंहको नाम बाट २०७१ सालमा घोषणा गरिएको हो ।मौलिकता,रमणीयता,सुन्दरता तथा ऐतिहासिकता बोकेको यो नगरपालिका बिगत सात बर्ष देखि आफ्नै मौलिक चरित्रको बिकासको बाटोमा हिडिरहेको छ ।

अब म सर्वप्रथम लोकतन्त्र, संघीयता,गणतन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिद प्रति हार्दिक श्रद्वान्जली अर्पण गर्न चाहन्छु।साथै यो कोबिड-१९ को महामारी तथा अन्य कारणबाट ज्यान गुमाएका प्रति पनि श्रदासुमन तथा संक्रमितको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। संघीयताको ब्यबहारिक कार्यान्वयन भै स्थानीय तहको गठन र निर्बाचन पश्चात आज चौथो पटक तथा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा सबैमा खुसि प्रकट गर्दछु ।

**सभाका अध्यक्ष**
**सभाका सदस्य**
**आमन्त्रित पाहुना**
**कर्मचारी वर्ग**
**अन्य उपस्थित महानुभाव ज्यु**

संघियता, लोकतन्त्र तथा जनभावना अनुसार स्थानीय तहको संबैधानिक तथा कानूनी साथै स्थानीय तहमा ब्यबस्थापकीय ,कार्यपालिकीय तथा न्यायिक अंगको पनि संबैधानिक व्यवस्था गरेको जुन सदैब नगर बासीको सेवामा समर्पित रहदै आइरहेकामा आगामी दिनमा अझ शसक्त रुपमा विकास र सेवामा लाग्ने बिश्वास दिलाउन चाहन्छु ।

**सभाका अध्यक्ष**
**सभाका सदस्य**
**आमन्त्रित पाहुना**
**कर्मचारी वर्ग**
**अन्य उपस्थित महानुभाव ज्यु**

अब म यस आगामि आर्थिक को नीति तथा कार्यक्रमा प्रस्तुत गर्न चाहन्छु ,जसमा देहाएका आधार लिएको छु ।

- संबिधानमा व्यवस्था भएका नीति, मार्गनिर्देशक सिद्दान्त,मौलिक हकहरु,अनिसुची ८ र ९ मा उल्लेखित स्थानीय तह तथा साझा अधिकारका सूचिका बिषयहरु ।
- स्थानीय सरकार संचालन ऐन २०७४ ।
- अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ ।
- पन्ध्रौं आवधिक योजना ।
- दिगो बिकासका लक्षहरु ।
- स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५ ।
- नेपाल सरकारको आ.ब. २०७८/०७९ को नीति बजेट तथा कार्क्रम ।
- सुदूरपश्चिम प्रदेशसरकार आ. ब. २०७८/०७९ को बजेट नीति तथा कार्यक्रम ।
- यस नगरपालिकाबाट विभिन्न समयमा पारित नीति तथा निर्णयहरु ।

**यस नगरपालिका क्षेत्रगत नीतिहरु**

१)आर्थिक विकास

## क ) कृषि तथा पशुपालन

- स्थानीय बालि प्रबर्धन गरिनेछ ।
- कृषि रोजगारीमा जोड गरिनेछ ।
- बालि नोक्सानी नियन्त्रणमा जोड दिईनेछ ।
- बेमौसमि खेति प्रोत्साहन गरिनेछ ।

- नबिन  कृषि कार्यका लागि अनुदान ब्यबस्था गरिनेछ ।
- उन्नत पशुपालनमा महत्व दिइनेछ ।
- पशु बिमा कार्यक्रम  निरन्तर संचालन गरिनेछ।
- पशुपालन बिषेश क्षेत्र व्यवस्था गरिनेछ ।
- नगर प्रमुख कृषि उद्धम विकास गरिनेछ ।
- किसानको लागि मल बिउ दुवानी अनुदानलाई निरन्तरता  गरिनेछ ।
- स्थानीय पशु नश्ल सुधारमा अनुदान दिइनेछ  ।
- कृषि यान्त्रीकरण अनुदानलाई निरन्तरता दिइनेछ ।

## ख ) उद्योग तथा बाणिज्य

- औद्योगिक इ प्रोफाइल तयार गरिनेछ ।
- लघु उधोग स्थापनामा जोड दिईनेछ ।
- कृषि पशु उद्योगमा प्रथामिकता दिईनेछ ।
- स्थानीय सीपमा आधारित  उद्योग स्थापानामा जोड दिईनेछ ।
- उद्योग ,ब्यबसाय दर्तामा एकल महिला,अपाङ्गलाई बिशेष सहुलिएत प्रदान गरिनेछ ।

## ग ) पर्यटन

- पर्यटकीय सम्भावना तथा सुबिधाको खोजि तथा स्तरोन्नति गरिने छ।
- सेती नदि जल-यातायात पर्यटन बिकास गरिने छ ।
- नगरको दिगो पर्यटन संचार तथा प्रबर्धन गरिनेछ ।
- स्थानीय  ऐतिहासिक तथा धार्मिक स्थल भाषा ,धर्म ,संस्कृतिको,पहिचान संरक्षण र सम्बर्धन गरिनेछ ।
- होम स्टे को विकास गरिनेछ ।

## घ) सहकारी

- उप मेयर सहकारी बचत तथा लगानीमा जोड गरिनेछ ।
- महिला सहकारीमा प्राथमिकता तथा निरन्तरता दिइनेछ ।
- सहकारिताबाट आयआर्जन अभिबृदी गरिनेछ ।
- नमुना सहकारी विकास गरिने ।

## ङ ) वित्तीय पुंजी विकास

- वित्तीय बचत तथा परिचालनमा जोड गरिनेछ ।
- सामाजिक पुंजी परिचालनमा अध्ययन गरिनेछ ।

## २) सामाजिक विकास

### क) शिक्षा

- प्रबिधि मैत्री अध्ययन अध्यापनमा जोड गरिनेछ ।
- शिक्षा क्षेत्रको जनशक्तिको क्षमता अभिबृदि गरिनेछ ।
- साक्षार नगरपालिका घोषणा गरिनेछ ।
- बिध्यालय अनुगमनमा तिब्रता प्रदान गरिनेछ ।
- इ सिकाईमा जोड गरिनेछ ।
- आबश्यकताका आधारमा थप बिद्यालय स्थापना तथा समायोजन गरिनेछ ।
- किशोर-किशोरी यौन तथा प्रजनन सूचना केन्द्र स्थापना गरिनेछ ।
- बिद्यालयमा किशोरी महिनावारी सरसफाईमा जोड गरि निशुल्क स्यानिटरी प्याड वितरणमा निरन्तरता दिइनेछ ।
- शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- सबै प्राथमिक बिद्यालयमा दिवा खाजाको प्रबन्ध क्रमश गर्दै लगिनेछ ।

ख) स्वास्थ्य

- कोबिड १९ नियन्त्रणमा थप प्रयास गरिनेछ ।
- नगर कोविड आइसोलेशन अस्पतालको स्थापना गरिनेछ ।
- संस्थागत सुत्केरी सुविधामा विस्तार आधारभूत स्वास्थ्यको सुनिश्चित गरिनेछ ।
- महामारी नियन्त्रण स्वास्थ्य कोविड नियन्त्रण तथा न्यूनीकरण कोषको स्थापना गरिनेछ ।
- कोरोना नियन्त्रणको लागि सरकारी तथा गैर सरकारी निकायसंग समन्वय तथा सहकार्य गरिनेछ ।
- योग शिक्षा सचेतनामा जोड गरिनेछ ।
- प्राकृतिक उपचारमा जोड गरिनेछ ।
- बहूउदेश्यिय पोषणलाई एकीकृत रुपमा अगाडी बढाइनेछ ।
- स्वास्थ्य संस्था जनशक्ति सहित थप ब्यबस्थित, सशक्तिकरण र सबलीकरण गरिनेछ ।

ग) खानेपानी तथा सरसफाई

- साना सहरी खानेपानीको ब्यबस्थित बिस्तार गरिनेछ ।
- नगर खानेपानीको विस्तार र सुनिश्चितता गरिनेछ ।
- स्वस्छ तथा खानेपानी मुहान संरक्षणमा जोड दिइनेछ ।
- शहरी ढल निकासको थप बिस्तार गरिनेछ ।
- नगरलाइ एक घर एक धारा को नीति अबलम्बन गरि वार्ड न.२ ,४ र ५ लाई नमुना वार्डको रुपमा बिकास गरिनेछ ।

घ) युबा तथा खेलकुद

- नगर प्रमुख खेलकुदको निरन्तरता दिइनेछ ।
- खेलकुद पूर्वाधार बिकास गरिनेछ ।
- युवा नेतृत्व बिकास गरि नगर विकासमा युबाको क्षमता उपयोग गरिनेछ ।

- युवा समृदी तथा स्व-रोजगार कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुदका लागी युवा संजाल गठन गरिनेछ ।
- एक वार्ड एक खेलकुद मैदान को विकास गरिनेछ ।
- युवाका लागि सिपमुलक ब्यबसाय तथा तालिम आय आर्जन र स्वरोजगार को नीति अबलम्बन गरिने छ ।

ङ) सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता वितरण बैंकिंग प्रणालीबाट वितरणको निरन्तरता प्रदान गरिनेछ ।
- हिंसा पिडित महिलाको संरक्षणको लागि नया महिला सेफ हाउसको व्यवस्था तथा जिल्ला स्थित अन्तर स्थानीय तह समन्वय गरि संचालन गरिनेछ ।
- लैंगिक तथा महिला हिंसा प्रभावितलाई न्यायमा पहुच अभिबृदी गर्न सुरक्षित आवास गृह संचालन तथा ब्यबस्थापन गरिनेछ, मनोसामाजिक तथा सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।
- लैंगिक हिँसा निवारण कोषको निरन्तरता प्रदान गरिनेछ ।
- ५०-७० ननाघेका कुनै किसिमका भत्ता नपाउने एकल जेष्ठ पुरुषलाइ सामाजिक सुरक्षा भत्ता निरन्तरता प्रदान गरिनेछ ।
- बाल बिबाह मुक्त,छाउपडी प्रथा मुक्त नगरपालिका घोषणा कार्यक्रणको निरन्तरता गरिनेछ ।
- हिंसा पिडित महिलाको उपचार तथा जीविकोपार्जनको लागि उप-मेयर राहत कोषको स्थापना गरिनेछ ।
- सबै किसिमका भेदभावको अन्त्यको लागि निरन्तर पहल गरिनेछ ।
- महिला हिँसा निवारण तथा समावेशीकरण नीति २०७८ तयार गरि कार्यान्वयन गरिनेछ क्रमश वार्ड स्तरमा विस्तार गरिनेछ ।
- दलित लक्षित कार्यक्रम संचालन गरि सामाजिक समाबेसिकरणमा जोड गरिनेछ ।
- महिला मैत्री बजेट निर्माण गरिनेछ ।

- आर्थिक स्थिति कमजोर भएका कोरोनाको कारणबाट मृत्यु भएकालाई राहत प्रदान गरिनेछ ।
- सुकुम्बासी समस्या समाधानमा आबश्यक पहल गरिनेछ ।
- एकल महिला आय आर्जन कार्यक्रमा जोड दिईनेछ ।
- न्यायिक समितिलाई प्रबावकारी रूपमा संन्चाल गरी सेवा प्रवाह गरिनेछ ।
- लैङ्गिक संवेदनशिल नीति तथा योजना २०७८

## ३) पूर्वाधार बिकास

### क)सडक

- सबै वडा जोडने सडकको स्तरोन्नतीको निरन्तरता प्रदान गरिनेछ ।
- बाताबरण मैत्री सडकको बिकास गरिनेछ ।
- सडक सुरक्षा सबल बनाइनेछ ।
- शहर उन्मुख क्षेत्रमा नमुना शाखा सडकको विस्तार गरिनेछ ।

### ख ) सिंचाई

- सदाबहार सिंचाई मुहान संरक्षणको व्यवस्था गरिनेछ ।
- सेती नदि लिफ्टिंङ सिंचाईको लागि पहल गरिनेछ ।
- भान्छा करेसा सिंचाईको थप बिकास गरिनेछ ।
- खेति योग्य जमिनमा सिंचाईको पहुचलाई निरन्तरता प्रदान गरिनेछ ।

### ग) भवन तथा शहरी विकास

- घर नक्शा इ-पासको थालनी गरिनेछ ।
- भवन निर्माण राष्ट्रिय मापदण्डको अनिबार्य लागु गरिनेछ ।
- घर अभिलेखिकरणलाई ब्यबस्थित गरिनेछ ।
- खरमुक्त जलबायु अनुकुलन भवनको बिकास गरिनेछ ।
- बिद्यालय भवन पहिचानमा एक रुपता ल्याइनेछ ।

## घ) संचार

- संचार प्रबिधिको बिकास र बिस्तारमा स्तरोन्नती गरिनेछ ।
- सामाजिक संजालको दुरुपयोग नियन्त्रण र बौद्धक बिकाशको माध्यमको थप सशक्तिकरण गरिनेछ ।
- सबै वार्डमा संचार सुबिधा सबल बनाइनेछ ।

## ङ) बैकल्पिक उर्जा तथा साना जल बिद्युत सहित

- लघु जलबिद्युत बिकासमा जोड गरिनेछ ।
- उर्जाको बहु उपयोग गरिनेछ ।
- सडक बत्ति विकासको निरन्तरता गरिनेछ ।
- अध्यारो मुक्त नगरपालिका घोषणा थालनी गरिनेछ ।
- राष्ट्रिय बिद्युत प्रसारण सुइल, बारील ,पुगर, ग्वानी, सल्याना,सुर्केमेला लगायतका क्षेत्रमा थप बिस्तार गरिनेछ ।

## ४ )बन,बाताबरण तथा विपद ब्यबस्थापन

## क) बन वातावरण

- स्थानीय तथा निजि बनको व्यवस्थापनलाई करको दायरामा ल्याइनेछ ।
- राष्ट्रिय नीति अनुसार बनको संरक्षणमा निरन्तरता प्रदान गरिनेछ ।
- सामुदायिक बन बिकाशमा जोड गरिनेछ ।
- निजि बनलाई व्यवस्थित गरि रोजगारीको माध्यमको रुपमा बिकाश गरिनेछ ।

## ख) जलवायु परिवर्तन

- जलबायु परिबर्तन शिक्षामा जोड गरिनेछ ।
- जलबायु अनुकुलन मानब जिबनको बिकास गरिनेछ ।

## ग) विपद व्यावस्थापन

- विपद ब्यबस्थापन पोर्टल तयार गरिनेछ ।
- विपद न्युनिकरणमा जोड गरिनेछ ।
- सचेतना, सक्षमता, सबलतामा जोड गरिनेछ ।
- विपद जोखिम तथा मर्कामा परेकालाई राहतको ब्यबस्था गरिनेछ ।
- विपद ब्यबस्थापन कोष तथा सामग्रीको थप अभिबृधि गरिनेछ ।

## ५) संस्थागत विकास सेवा प्रवाह र सुशासन

## क)मानवसंसाधन विकास

- रिक्त पद पूर्तिको निरन्तरता गरिनेछ ।
- संगठन तथा ब्यबस्थापनमा पूर्णता दिईनेछ ।
- कर्मचारी क्षमता बिकाशमा निरन्तरता दिईनेछ ।
- प्रबिधि मैत्री मानब संसाधनमा प्राथमिकता दिईनेछ ।

## ख) सुरक्षा व्यावस्थापन

- नगर प्रहरी ऐन निर्माण गरिनेछ ।
- संघीय सुरक्षा निकाय संगको साझेदारी बिकाश गरिनेछ ।

## ग) सूचना तथा प्रबिधि

- सूचना प्रबिधि हबको निरन्तरता प्रदान गरिनेछ ।
- इ -लिटेरेसी लागु गरिनेछ ।
- प्रत्येक वडामा इन्टर नेट सुबिधाको बिस्तार र स्तरोन्नति गरिनेछ ।
- कार्यालयको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाई निरन्तरता प्रदान गरिनेछ ।

- नगरपालिकाको ओपन डाटा पोर्टलाई निरन्तरता थप सबलता दिईनेछ ।

घ) वित्तीय जोखिम तथा आन्तरिक नियन्त्रण

- बेरुजु सुन्य नगरपालिकाको लागि जोड  गरिनेछ।
- आन्तरीक नियन्त्रण प्रणालीको लागि  कार्यविधि तयार गरिनेछ ।
- वित्तीय जोखिम न्यूनीकरण गरिनेछ।
- नगरपालिकाको सम्पति पोर्टल तयार गरिनेछ ।

६ )तथ्यांक संकलन

- एकीकृत तथ्यांकको प्रकाशन  गरिनेछ।
- जयपृथ्वी नगरपालिका डाटा एप्सको बिकास र निरन्तरता प्रदान  गरिनेछ ।
- बेरोजगारी तथ्यांकलाई ब्यबस्थित गरिनेछ ।
- नगर पाश्वचित्र प्रकाशन  गरिनेछ ।
- साझेदारितामा नगर गुरु योजना निर्माण गरिनेछ ।

७) बिबिध

- सरकारी तथा गैर सरकारी संघ संस्थासंगको साझेदारीमा जोड दिईनेछ ।
- नगर यातायात गुरु योजना निर्माण  गरिनेछ ।
- जिल्ला स्थित अन्य स्थानीय तहसंग विकास तथा अनुभव आदान प्रदान गरिनेछ ।
- छिमेकी मुलुकको नजिकको कुनै नगर संग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

**अन्तमा सभाको सकारात्मक सुझाव सल्लाह सहित बिदा हुन्छु**

# धन्यबाद